# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ५ मिति २०८०/०२/१०

## भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**सञ्जु चौधारी अक्षय कोष स्थापना,सञ्चालन र व्यवस्थापन कार्यविधि, २०८०**

# राप्ती सोनारी गाँउपालिका

## सञ्जु चौधारी अक्षय कोष स्थापना,सञ्चालन र व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०२/०७

प्रमाणीकरण मितिः२०८०/०२/१०

**सञ्जु चौधारी अक्षय कोष स्थापना,सञ्चालन र व्यवस्थापन कार्यविधि, २०८०**

**प्रस्तावनाः**

खेलाडीहरुलाई प्रोत्साहित गर्दै राम्रो सम्भावना भएका खेलाडीहरुलाई खेल क्षेत्रमा लाग्न प्रेरित गर्ने उद्देश्यले यस राप्ती सोनारी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरु बीच बार्षिक रुपमा सञ्चालन हुने अध्यक्ष कप तथा राष्ट्रपति रनिङ्ग शील्ड खेलाडी छनौट प्रतियोगितामा एथलेटिक्स विधातर्फका खेलहरुमा सर्वोत्कृष्ट स्थान हासिल गर्ने छात्रातर्फका खेलाडीलाई बार्षिक रुपमा पुरष्कृत गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा ४ ले दिएको अधिकारको प्रयोग गरी राप्ती सोनारी गाउँपालिकाको आ व २०७९/८० को वार्षिक नीति तथा कार्यक्रममा संबोधन भए अनुसार सञ्जु चौधरी अक्षय कोष स्थापना, सञ्चालनर व्यवस्थापन गर्न यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम "सञ्जु चौधारी अक्षय कोष स्थापना, सञ्चालन र व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषा**

(क) "गाउँपालिका" भन्नाले राप्ती सोनारी गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले राप्ती सोनारी गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "खेलकूद" भन्नाले गाउँपालिकास्तरमा सञ्चालन हुने गाउँपालिकाभित्र रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुको सहभागितामा बार्षिक रुपमा अध्यक्ष कपको रुपमा सञ्चालन हुने खेलकूद प्रतियोगितालाई सम्झनुपर्दछ।

(घ) "शाखा" भन्नाले राप्ती सोनारी गाउँपालिका अन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकूद शाखालाई सम्झनुपर्दछ।

(ङ) "कार्यविधि" भन्नाले छनौट भएको उत्कृष्ट छात्रा खेलाडीलाई कोषको रकमको ब्याज रकमबाट पुरष्कृत गर्ने व्यवस्थाका लागि बनेको "सञ्जु चौधारी अक्षय कोष स्थापना, सञ्चालन र व्यवस्थापन कार्यविधि, २०८०" सम्झनुपर्दछ ।

(च) "समिति" भन्नाले अक्षय कोषको व्यवस्थापन र पुरष्कारको व्यवस्थापन गर्ने कार्यका लागि बनेको समिति सम्झनु पर्दछ ।

(छ) "संयोजक" भन्नाले पुरष्कार व्यवस्थापन गर्न बनेको समितिको संयोजकलाई सम्झनुपर्दछ ।

(ज) "कोष" भन्नाले व्याजको रकमबाट मात्र सर्वोत्कृष्ट खेलाडी पुरष्कृत गर्ने गरी जम्मा गरिएको रकम सम्झनु पर्दछ ।

(झ) "छनौट" भन्नाले खेलकूद प्रतियोगितामा खेल सञ्चालन गर्न खटिएका आधिकारिक सञ्चालकहरुले प्रमाणित गरेको खेलको नतिजालाई सम्झनु पर्दछ ।

(ञ) "खेल आयोजक विद्यालय" भन्नाले खेलको व्यवस्थापन गर्न जिम्मा लिएको विद्यालयलाई सम्झनुपर्दछ ।

(ट) "सदस्य सचिव" भन्नाले खेल आयोजना गर्न जिम्मा पाएको प्रधानाध्यापक लाई सम्झनु पर्छ । खेलको आयोजना गर्न कुनै विद्यालयले जिम्मा नपाएको अवस्थामा गाँउपालिकाबाट तोकिएको विद्यालयको प्रधानाध्यापक सदस्य सचिवको रुपमा रहने छ ।

**३. कार्यविधिको उद्देश्यः**

१. यस कार्यविधिका उद्देश्य देहाय बमोजिम हुनेछन् ।

(क) यस राप्ती सोनारी गाउँपालिकामा बार्षिक रुपमा सञ्चालन हुने अध्यक्ष कप तथा जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शील्ड छनौट प्रतियोगितामा छात्रा एथलेटिक्स तर्फ सर्वोत्कृष्ट हुने खेलाडीलाई बार्षिक रुपमा पुरष्कृत गर्ने ।

(ख) एथलेटिक्स खेलमा छात्राहरुको सहभागिता बढाइ जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरमा आयोजना हुने खेलहरुमा एथेलेटिक्श खेलमा राम्रो खेल्न सक्षम छात्रा खेलाडी उत्पादन गर्ने ।

(ग) राप्ती सोनारीलाई खेलको क्षेत्रमा राष्ट्रिय पहिचान बनाउन मद्दत गर्ने ।

(घ) अक्षय कोषको मूल रकममा वृद्धि गर्दै छात्र एथ्लेटिक्स तर्फ पनि उत्कृष्ट हुनेलाई पुरष्कृत गर्दै जाने ।

(ङ) आधारभूत तहमा समेत पुरष्कारको क्षेत्र बिस्तार गर्दै जाने ।

(च) अन्तर्राष्ट्रिय भारत्तोलन खेलाडी सञ्जु चौधरीको नाममा गाउँपालिकाले हाल रु.५०००००। (पाँच लाख) को अक्षय कोषको स्थापना गर्ने ।

(छ) अक्षय कोषको मूल रकममा वृद्धि गर्दै जाने ।

(ज) अक्षय कोषमा निजी क्षेत्र, सामुदायिक संस्था, गैर सरकारी क्षेत्र तथा नागरिक समाजलाई कोषमा रकम वृद्धि गर्न अभिप्रेरित गर्ने ।

२.उत्कृष्ट खेलाडीको छनौट अध्यक्ष कप खेलकूद प्रतियोगिताबाट नै हुनेछ ।

## परिच्छेद २

## अक्षयकोषको व्यवस्था र परिचालन

**४. कोषको आयश्रोतः**कोषको आयश्रोत देहायका बमोजिम रहने छ।

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम।

ख) गाँउ सभाबाट विनियोजित भएको रकम।

ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम।

घ) निजी क्षेत्रबाट प्राप्त रकम।

ङ) अन्य स्थानीय तहबाट प्राप्त हुने रकम।

च) विविध।

**५. कोष सञ्चालन देहाय बमोजिम गरिनेछ।**

क) कोषको नाममा प्राप्त हुन आएको रकम सञ्जु चौधारी अक्षय कोषकोनाममा अक्षय कोष खाताखोली जम्मा गरिनेछ।

ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

ग) कोषको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परीक्षण शाखाले गर्नेछ।

घ) कोषको अन्तिम लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद ३

## समितिको गठन, काम कर्तव्य र अधिकार

**६. अक्षय कोष व्यवस्थापन समिति:** अक्षय कोष रकमको बार्षिक रुपमा प्राप्तहुने ब्याजको रकमबाट सम्मान पत्र र नगद पुरष्कारको व्यवस्थापकीय कार्य गर्नका लागि देहाय अनुसारको ४ सदस्य भएको पुरष्कार व्यवस्थापन समिति रहने छ।

क) प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख) सामाजिक विकास समितिको संयोजक सदस्य

(ग) शिक्षा ,युवा तथा खेलकूद शाखा प्रमुख सदस्य

(घ) लेखा शाखाको शाखा प्रमुख सदस्य

(ङ) खेल आयोजक विद्यालयको प्रधानाध्यापक सदस्य सचिव

**७. समितिको काम कर्तब्य र अधिकार:**

(क) कोषको खाता नजिकको पायक पर्ने बैंकमा खोलिने छ।

(ख) कोषको खाता सञ्चालन संयोजक वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको कर्मचारीको संयुक्त हस्ताक्षरबाट हुनेछ।

(ग) कोष रकमको प्राप्त ब्याज रकमबाट प्रदान गरिने पुरष्कारको रकम र प्रकार निर्धारण र व्यवस्थापन उक्त समितिको निर्णय अनुसार हुनेछ।

(घ) कोषका मूल रकमलाई कुनैपनि अवस्थामा चलाउन पाइने छैन।

(ङ) गाँउपालिकास्तरमा हुने अध्यक्ष कप प्रतियोगिता पुरष्कारहरु वितरण हुने वा समापनको दिन पुरष्कारको वितरण गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(च) अक्षय कोषमा अन्य व्यक्ति वा संघसंस्थाबाट थप प्राप्त हुनआएमा सो थप रकम पनि यसै कार्यविधि अनुसार व्यवस्थापन गरिने छ।

(छ) कोषको रकम थपिएसंगै सोहि खेल अन्तर्गत उत्कृष्ट छात्रलाई पनि गाउँकार्यपालिकोनिर्णय अनुसार पुरष्कृत गर्नसकिने छ।

(ज) अक्षय कोषको रकम बढाउन गाउँपालिका लगायत अन्य संघ संस्थाहरुसंग पहल गर्न सकिनेछ।

(झ) राष्ट्रियस्तरको खेल खेलिसकेका खेलाडीहरुबाट छोटो प्रशिक्षणको कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

**८. बैठक सञ्चालन कार्यविधि:**

(क) समितिको बैठक संयोजकको निर्देशनमा सदस्यसचिवले बोलाउने छ।

(ख) बैठकको निर्णय सामान्यतया बहुमतको आधारमा हुनेछ।

(ग) बैठकमा एथेलेटिक्शको कम्तीमा जिल्लास्तरको प्रशिक्षकलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

(घ) संयोजकले बैठकको अध्यक्षता गर्नेछ।

(ङ) बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ।

**९. प्राविधिक समितिको गठनः** उत्कृष्ठ खेलाडी छनौटका लागि समितिले खेल सञ्चालन पूर्व नै खेलसँग सम्बन्धित व्यक्तिहरुको खेलाडि छनौट प्राविधिक समिति गठन गर्नु पर्नेछ।

**१०. अन्य व्यवस्थाः**

(क) यस कार्यविधिमा नसमेटिएका कुनै कुराको अन्योलता देखिएमा सो कुरा गाउँपालिका कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

(ख) यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ पर्न आएमा गाँउ कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ।

(ग) यो कार्यविधिमा परिमार्जन एवं संशोधन गनुपर्ने भएमा कार्यपालिकाले परिमार्जन एवं संशोधन गर्नेछ।

आज्ञाले,
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत